पाँचखपन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वाना, संखुवासभा
१ नं. प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०४/२१

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम ) प.स.२०७७/७८ च. नं.२३ को मिति २०७७/०४/१२ को पत्र अनुसार यस पाँचखपन नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिम विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ००१/७७-७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१.आवश्यक न्यूनतम योग्यता र अनुभवः-

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको ।

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षक र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव , पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग) उमेरः- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

२. दरखास्त दिने स्थानः- पाँचखपन नगरपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मितिः- २०७७/०५/०३

४. आवेदन दस्तुरः-रु.५००/- (पाँच सय मात्र)

५.छनौटका किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा (५० पूर्णाङ्कको सेवा सम्बन्धी विषय र ५० पूर्णाङ्कको कम्प्यूटर सम्बन्धी विषयको छुट्टा - छुट्टै परीक्षा)

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधाः- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको बमोजिम हुनेछ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः- नगरपालिकामा प्राविधिक सहायक पदपूर्तिसम्वन्धी प्रक्रियाको बमोजिम हुनेछ।

नोटः- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep. gov.np मा उपलब्ध छ।

२०७७/०४/२१

राज कुमार यादव
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत